
खोजी गर्ने योग्यको बनाउँदछ। यसो हुँदा, राज्य कानूनी सेवा प्राधिकरणको भूमिका, कानूनी सेवा प्राधिकरण ऐन १९८७ मा निर्धारित आवश्यक मानदण्ड पूरा गर्ने व्यक्तिलाई निशुल्कः कानूनी सहायता प्रदान गर्नु हुँदछ।

कानूनी साक्षरता मिशनको मूल उद्देश्य समाजका अधिकारविहीन वर्गलाई न्यायको ढोका ढकढकाउनमा सहयोग गर्नका साथै समाजबाट कलंक, भेदभाव र असमानता हटाउनु हो।

प्रत्येक राज्यका प्रत्येक घर, प्रत्येक गाउँ र प्रत्येक जिल्लालाई सामेल गर्न ग्रामीण स्तरमा व्यापक रूपमा कानूनी साक्षरता अभियान चलाउनु मिशनको उद्देश्य रहेको छ।

***



# कानूनी साक्षरता मिशन, सिक्किम

न्याय सबैको लागी

ACCESS TO JUSTICE FOR ALL

कानूनी साक्षरता मिशन, सिक्किमले-

- अप्लसंख्यक र जनजातिहरूमा भेदभाव र अहित-
- आर्थिक भेदभाव र कल्याणकारी योजनाहरू लागु नगर्दा हुने हानी -
- सामाजिक भेदभाव र महिला औ नानीहरूका निम्ति असुविधाका कारणहरूको पत्तो लगाउनका साथै कानूनी सेवा प्राधिकरण ऐन, १९८७ अन्तर्गत उचित मानदण्ड पूरा गर्ने व्यक्तिहरूलाई निशुल्क कानूनी सहायता उपलब्ध गराउने दिशातर्फ काम गर्नेछ।

सिक्किम राज्य कानूनी सेवा प्राधिकरणले, तालुक, जिल्ला र उच्च न्यायालय स्तरमा लोक अदालतहरू गठन गरी न्याय दिने व्यवसायमा सक्रिय भूमिका निभाइसकेको छ।

सबै तालुक/महकुमा, जिल्ला र उच्च न्यायालय स्तरमा पनि स्थायी र लोक अदालतहरू स्थापित गर्ने सिक्किम पहिलो राज्य हो।

राज्यमा जन उपयोगी सेवाका निम्ति स्थायी तथा लोक अदालत औ राज्य सरकारका विभिन्न विभाग र सार्वजनिक प्रतिष्ठानहरूका निम्ति स्थायी तथा लोक अदालतहरूको गठन गरिएको छ। राज्य कानूनी सेवा प्राधिकरणले पूर्व र उत्तर जिल्ला औ दक्षिण र पश्चिम जिल्लामा जिल्ला स्तरमा परामर्श तथा विवाद सामाधान केन्द्रहरू पनि स्थापित गरेको छ जहाँ मानिसहरू पूर्व मुकदमा, परामर्श तथा सरसल्लाहका निम्ति जान सक्नेछन्।

लोक अदालतले महत्वपूर्ण सेवा प्रदान गरेको छ। विभिन्न लोक अदालतहरूमा सम्झौता र समाधानद्वारा दुइ हजार एक सय पचपन्नवटा जति मुद्दाहरू सुल्झाइएको छ।

सिक्किम राज्य कानूनी सेवा प्राधिकरणले राष्ट्रीय कानूनी साक्षरता मिशन लागु गर्नका निम्ति कानूनी साक्षरता मिशन शुरू गरिरहेछ।

मिशनको उद्देश्य समाजका केही वर्गलाई खुबै आवश्यक कानूनी अधिकार प्रदान गर्नु हो।

कानूनी साक्षरता मिशनको उद्देश्य सामाजिक न्यायको विकास मात्र होइन तर कमजोरवर्ग, अल्पसंख्यक र जनजातिहरूलाई मूलधारामा ल्याउनु पनि हो।

कानूनी निरक्षरताको कमी, मानिसहरूलाई आफ्नो अधिकार हासिल गर्ने दिशामा एउटा प्रमुख वाधा भएको हुँदा कानूनी शिक्षाको विकास र आफ्नो कानूनी अधिकारदेखि अनभिज्ञ रहेका नागरिकहरूलाई कानूनवारे जानकारी दिनमा कानूनी साक्षरता मिशनले महत्वपूर्ण भूमिका खेल्नेछ। यो पृष्ठभूमिमा, कानूनी साक्षरता मिशन शुरू गरी मानिसहरूको कानूनी साक्षरता बढ़ाएर न्यायका निम्ति उनीहरूलाई उपयुक्त मञ्चमा सम्पर्क गर्न सक्षम बनाउने उपायहरूमाथि ध्यान दिन, सिक्किम राज्य कानूनी सेवा प्राधिकरण बचनबद्ध छ।

भारतमा, अदालतहरूमा थाँतीमा रहेका मुद्दाहरूको छिनाफाना गर्न सक्रिय रूपले सहायता गर्नका लागि वैकल्पिक विवाद निवारण नीतिहरूको प्रयोग गरिँदैछ। यसो हुँदा १९८७ सालको कानूनी सेवा प्राधिकरण ऐन कानूनी क्षेत्रमा जलविभाजकको रूपमा खड़ा भएको छ किनकि यसले, ऐनमा सूचीबद्ध मानदण्ड पूरा गर्ने व्यक्तिहरूलाई निशुल्क कानूनी सहायता उपलब्ध गराउने काम गरेको छ।

कानूनी साक्षरता मिशनले सम्विधानद्वारा प्रतिज्ञा गरिएको सामाजिक आर्थिक समानता दिने प्रयास गरिरहेछ।

कानूनी साक्षरता मिशनले कानूनी जागरूकता पैदा गर्नका साथै एक व्यक्तिलाई आफ्नो कानूनी अधिकारको